CSRC आत्मनिर्भर केन्द्र

# सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
## धापासी, काठमाडौं

## परियोजना सम्बन्धी संक्षिप्त जानकारी

| | |
|---|---|
| **परियोजनाको नाम** | सिमान्तकृत किसान परिवारको मर्यादित जीवनका लागि आर्थिक र समाजिक अधिकारको सुदृढिकरण (इएस.माफार) |
| **कार्य क्षेत्र** | बेलका नगरपालिका, उदयपुर, कनकाई नगरपालिका, झापा र धनगढीमाई नगरपालिका सिराहा |
| **सम्पर्क व्यक्ति** | जगत देउजा |
| **सम्पर्क नम्बर/इमेल** | ९८५१०१५१४५/ deujaj@csrcnepal.org |
| **फोकल व्यक्तिको नाम** | साबित्री पुरी |
| **फोकल व्यक्तिको इमेल** | sabitri@csrcnepal.org |
| **फोकल व्यक्तिको सम्पर्क नम्बर** | ९८६००५७६९७ |
| **साझेदार संस्था** | केएर नेपाल |
| **परियोजनाको सारंश** | नेपालको संबिधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कृषि मजदूरहरूको विभिन्न २२ अधिकारको सुनिश्चतता गरेको छ । जल, जमिनको संरक्षण र प्रयोग सम्बन्धि नीति र नियमहरू बनाउने र प्रयोग गर्ने अधिकार स्थानीय सरकारलाई नै अधिकार प्रत्यायोजन गर्ने सुनिश्चितता गरेको छ। उनीहरूमा दीर्घकालीन विकास योजनाहरू तयार गर्ने, नीति बनाउने र कार्यान्वयन गर्ने अधिकार पनि दिएको छ। यद्यपि नेपाल राज्य पुनसंरचनाको प्रक्रियामा नै रहेको छ । ७५३ वटा स्थानीयतहनै राजश्व लगायतको आम्दानीको स्रोतहरू जस्तै: जल, जमिन, जङ्गल लगायतका स्रोतहरूका बारेमा अनभिज्ञ रहेका छन् । उनीहरूमा उपलब्ध स्रोतको समुचित प्रयोगका विषयमा कुनै प्राबिधिक ज्ञान रहेको देखिँदैन ।<br>त्यसैले स्थानीय तहमा भएको स्रोत साधानको नक्शाङ्कन गरि त्यसको दिगो प्रयोग र व्यवस्थानका लागि विस्तृत रणनीति बनउनका लागि सहयोग गर्नुपर्ने देखिन्छ । |

| | | |
|---|---|---|
| | स्थानीय सरकारलाई भू-उपयोग योजना र भूमि कृषि सम्बन्धि जानकारीको दस्तावेजिकरण (भूमिहीन र अनौपचारिक बसोबास गर्नेहरूको सङ्ख्या, जमिनको वर्गीकरण, समुदायको प्रमुख उत्पादन) को सहायता गर्न आत्मनिर्भर सेवा केन्द्रले भूमिहीन तथा योजना बिहीन बसोबास गरिरहेका परिवारहरूको पहिचान, प्रमाणीकरण र आवश्यक कागजपत्रको सङ्कलन र नगरपालिका तहमा भू-उपयोग योजना बनाउने मुख्य दुई वटा मोडेलको काम अगाडी बढाएको छ ।<br>स्थानीय सरकार, भूमी व्यवस्थापन सहकारी मन्त्रालय र गरिबी निवारण मन्त्रालय र आत्मनिर्भर सेवा केन्द्रबीच विस्तृत सम्झौता गरि काम अगाडी बढाएको छ ।<br>प्रभावकरी भू-उपयोग योजना बनाइसकेपछि वास्तविक भूमिहीन र अनियन्त्रित रूपमा बसोबास गरिरहेका परिवारहरूको पहिचान र प्रमाणिकरण गरिनेछ । पहिचान र प्रमाणिकरण भइसकेपछि परिवेश नक्शाङ्कनको तथ्याङ्कको आधारमा उनीहरूलाई जग्गाधनी पुर्जा वितरण गरिनेछ ।<br>सोहि तरिकालाई अबलम्बन गर्दै, जलवायु उत्थानशिल भू-उपयोग योजनाले स्पष्ट रूपमा पहिचान गरेको कृषि जग्गा, जोखिम अवस्थामा रहेको जग्गा र आवास क्षेत्रको जग्गाको क्षेत्रफल स्पष्ट रूपमा छुट्टिनेछ । भू-उपयोग योजनाले सुरक्षित आवासका साथ पर्याप्त कृषि क्षेत्रको पहिचान गर्न सहयोग गर्नेछ । | |
| **परियोजनाको उद्देश्य** | • भू-उपयोग योजनाको प्रभावकरी कार्यान्वयनका माध्यमबाट अनियन्त्रित बसोबास गरिरहेका परिवारहरूको हक र अधिकारको सुनिश्चितता गर्ने ।<br>• मोहि किसान, भूमिहीन परिवार र अनियन्त्रित बसोबास गरिरहेका परिवारहरूको हक अधिकार सुनिश्चित गर्नका लागि जलवायु परिवर्तन उत्थानशिल भू-उपयोग योजनाको तर्जुमा गर्ने । | |
| **अपेक्षित नतिजा( सूचाकांक सहित)** | परिणाम १ | • तीन वटै स्थानीयतहको परिवेश नक्शाङ्कनको काम सम्पन्न भई प्रतिवेदनको काम पनि सम्पन्न भएको हुनेछ । |
| | परिणाम २ | • भूमि सुधार, सहकारी र गरिबी निवारण मन्त्रालयले परिवेश नक्शाङ्कनको विस्तृत निर्देशिका तयार गरी सबै स्थानीय तहलाई उपलब्ध गराएको हुनेछ । |
| | परिणाम ३ | • भूमिहीन, साना किसान, समावेशी सम्वेदनशिल र वैकल्पिक जलवायुमैत्री भू-उपयोग योजना दुई वटा स्थानीय तहमा बटम अप आधारमा तयार भएको हुनेछ । |

| | | |
|---|---|---|
| | परिणाम ४ | • स्थानीय सरकारलाई र स्थानीयस्तरमा भूमि व्यवस्थापनका विषयमा काम गर्नका लागि २८ जना भूमि शुसासन स्रोत व्यक्तिको क्षमता विकास गरिनेछ। |
| | परिणाम ५ | • सुशासन, उत्तरदायित्व र जवाफदेहितको विषयमा संस्थागत क्षमताको विकास गरिनेछ। |
| **अबधि** | पुष १६ २०७६ देखि पुष १६ २०७७ सम्म | |
| **जम्मा बजेट** | नेरु ३५ लाख | |